# अक्षयकोष स्थापना सम्बन्धी सम्झौता

आज मिति २०८२ पौष १८ गतेका दिन अक्षयकोषमा रकम दाता लिखुतामाकोशी गाउँपालिका वडा नम्बर ६ खिम्ती निवासी श्री रघुनाथ कडरिया यसपछि "प्रथम पक्ष वा दाता" भनि उल्लेख गरिएको र लिखुतामाकोशी गाउँपालिका वडा नम्बर ६ खिम्तीमा रहेको श्री तामाकोशी जनजागृति माध्यामिक विद्यालय यसपछि "दोस्रो पक्ष" भनि उल्लेख गरिएको बीच तलका शर्तहरु मान्य हुनेगरी आपसी सहमतिका साथ यो सम्झौता गरिएको छ।

**शर्तहरु**

१. प्रथम पक्षले दोस्रो पक्षलाई अक्षयकोषमा रु ५,००,००० (अक्षरूपी पाँच लाख रुपैयाँ मात्र) उपलब्ध गराउने छ। अक्षयकोषमा उपलब्ध गराइएको रकम कुनैपनि अवस्थामा खर्च गर्न पाइने छैन र यसको व्याज रकमबाट विद्यार्थी शैक्षिक कल्याण अक्षयकोष कार्यविधि २०८१ कार्यविधि अनुसार छात्रावृद्धि उपलब्ध गराउनु पर्नेछ।

२. अक्षयकोषमा उपलब्ध गराइएको रकमको नाम "वलराम मिठु अक्षयकोष" रहनेछ।

३. छात्रवृत्ति तथा सम्मान वितरण ब्याज रकमबाट प्रत्येक वर्ष ५ (पाँच) जना विद्यार्थीलाई नगद र प्रमाणपत्र सहित छात्रवृत्ति तथा सम्मान प्रदान गरिनेछ।

४. यस अक्षयकोष बाट प्राप्त ब्याजको प्रयोग विद्यालयले अन्य क्षेत्रमा खर्च गर्न पाउने छैन ।

५. यस अक्षयकोष अन्तर्गत छात्रवृत्ति तथा सम्मान प्राप्त गर्ने विद्यार्थीहरूको छनोट सम्पूर्ण रूपमा श्री तामाकोशी जनजागृति माध्यमिक विद्यालयले गर्नेछ। विद्यार्थी छनोट गर्दा शैक्षिक प्रगति, अनुशासन, नियमित उपस्थिति तथा आर्थिक अवस्थालाई आधार मानी कार्यविधिअनुसार निर्णय गरिनेछ। उक्त छनोट प्रक्रियामा दाता पक्षको कुनै प्रत्यक्ष हस्तक्षेप रहने छैन।

६. छात्रवृत्ति तथा सम्मान प्राप्त गर्ने प्रत्येक विद्यार्थीलाई "वलराम मिठु अक्षयकोष" उल्लेख भएको प्रमाण-पत्र प्रदान गरिनेछ।

७. सम्झौताको अवधिः यो सम्झौता हस्ताक्षर भएको मितिदेखि अनन्त कालसम्म लागू हुनेछ ।

८. यो सम्झौता आपसि सहमति विना फेरबदल गर्न पाईने छैन यस सम्झौताका सबै शर्तहरू पढी बुझी दुवै पक्षले सहमत भई हस्ताक्षर गरेका छौं।

Rghu

प्रधानाध्यापक

कडरिया

९. विद्यार्थी शैक्षिक कल्याण अक्षयकोष कार्यविधि २०८१ अनुसार विद्यालयले स्थापना गरेको रु. १५,००,०००/- (अक्षरुपी पन्ध्र लाख रुपैया मात्र) मध्ये रु ५,००,०००/- (अक्षरुपी पाँच लाख रुपैया मात्र) "बलराम मिठु अक्षयकोष" को नाममा प्राप्त रकम सोही अक्षय कोषमा नाम समावेश गर्ने सहमति गरेका छौं ।

**पहिलो पक्ष (दाता)**

नामः रघुनाथ कडरिया

हस्ताक्षरः

मितिः २०८२।६।१८

**दोस्रो पक्ष (विद्यालय)**

नामः छविलाल श्रेष्ठ

पदः प्रधानाध्यापक

हस्ताक्षरः

**साक्षि**

नामः मधुकर खड्का

हस्ताक्षरः

नामः खडानन्द कडरिया

पदः वि.व्य.स. अध्यक्ष

हस्ताक्षरः